गोरखापत्र
ज्ञान सागर
www.gorkhapatraonline.com
२०७८ साल भदौ ९ गते बुधबार
2021 August 25 Wednesday


## वस्तुगत प्रश्नोत्तर

**१. न्याय प्रणाली र न्यायिक इतिहासबारे जानकारी दिने उद्देश्यका साथ निर्मित न्यायिक सङ्ग्रहालयको उद्घाटन कहिले गरिएको हो ?**

✍ वि.सं. २०७८ भदौ १ गते

- सर्वोच्च अदालत परिसरमा निर्मित सो सङ्ग्रहालयमा न्याय क्षेत्रको चरणबद्ध इतिहास झल्किने दस्तावेज सङ्ग्रहित गरिएको ।
- भोजपत्रको नमुना, ताडपत्रको नमुना, वि.सं. १९४५ मा जारी भएको मुलुकी ऐन, वि.सं. १९९१ सम्मको संशोधन, २०२० को मुलुकी ऐन, वि.सं. २००८ को नेपाल गजेटलगायतका सामग्री सङ्ग्रहालयमा सङ्ग्रहित गरिएको ।
- उक्त सङ्ग्रहालयमा न्याय र कानुनी क्षेत्रका भावी पुस्तालाई नेपालको न्याय प्रणालीको विकास, अवस्था र परिवर्तनका विषय अध्ययन गर्न सहयोग पुग्ने विश्वास गरिएको ।

**२. नेपालको पहिलो महिला मुख्यमन्त्री बन्न सफल राजनीतिकर्मी को हुनुहुन्छ ?**

✍ अष्टलक्ष्मी शाक्य

(नेकपा एमाले संसदीय दलका नेता अष्टलक्ष्मी शाक्य बागमती प्रदेशको मुख्यमन्त्रीमा नियुक्त हुनुभएको ।)

**३. सार्वजनिक यातायातलाई नियमन गर्ने उद्देश्यका साथ अनलाइन मनिटरिङ सिस्टम कहिलेदेखि लागू गरिएको हो ?**

✍ वि.सं. २०७७ मङ्सिर ४

**४. १२ वटा अन्तर्राष्ट्रिय भाषामा १२ लाइनको गीत रेकर्ड गराई विश्व कीर्तिमान कायम गर्ने नेपाली सर्जक को हुन् ?**

✍ डा. डीआर उपाध्याय

**५. वि.सं. २०७७ फागुनमा नगरविकास कोषद्वारा सार्वजनिक प्रतिवेदनअनुसार आयोजनाको कार्यान्वयन तथा व्यवस्थापनका हिसाबले उत्कृष्ट बन्न सफल नगरपालिका कुन हो ?**

✍ लालबन्दी नगरपालिका (सर्लाही)

**६. गैरआवासीय नेपाली सङ्घको दशौँ विश्व सम्मेलनको आयोजना कहिले हुने भएको छ ?**

✍ वि.सं. २०७८ कात्तिक ६–८ (काठमाडौँ)

- नेपाल सरकारले विदेशमा रहेका नेपालीको ज्ञान, सीप, पुँजी, प्रविधि, सञ्जाल एवं पहुँचबाट नेपालको आर्थिक–सामाजिक विकासमा परिचालन गर्ने नीतिलाई प्राथमिकता दिएको ।
- हरेक दुई वर्षको अन्तरालमा हुँदै आएको सम्मेलनको समन्वय परराष्ट्र मन्त्रालयले गर्दै आएको ।
- सम्मेलनमा विश्वभर छरिएर रहेका नेपाली आफ्नो मातृभूमिमा जम्मा हुने गर्छन्, जहाँ विश्वमा नेपालीको पहिचान उच्च बनाउन आवश्यक नयाँ कार्यदिशाको खोजी गरिने साथै सङ्घको सुधार र परिमार्जनसँगै नयाँ नेतृत्वको चयन हुने गर्छ ।

**७. कोरोना सङ्क्रमण उपचारका लागि विश्व स्वास्थ्य सङ्गठनद्वारा हालै सिफारिस गरिएको नयाँ औषधि कुन हो ?**

✍ इन्टरलेउकिन–६ (आईएल–६)

- डब्लुएचओले सन् २०२१ जुलाई ६ मा यो औषधि सिफारिस गरेको ।
- प्रतिरक्षा बढाउन यो औषधि प्रभावकारी हुने विश्वास गरिएको ।

**८. वर्ल्ड हेल्थ अवार्ड २०२० बाट सम्मानित हुने नेपाली चिकित्सक को हुनुहुन्छ ?**

✍ डा. पशुपति महत र डा. अरूणराज कुँवर

**९. पुनर्निर्मित धरहराको उद्घाटन कहिले गरिएको हो ?**



✍ वि.सं. २०७८ वैशाख ११

- नवनिर्मित धरहरा जमिनको सतहबाट गजुरसम्म ८३.८५ मिटर अग्लो रहेको ।
- बाहिरबाट हेर्दा ११ तलाको देखिने धरहरामा भित्र २२ तला रहेको ।
- ४२.२ रोपनी क्षेत्रफलमा निर्मित यस धरहराको २० औँ तलामा बार्दली एवं २२ औँ तलामा शिवलिङ्ग रहेको ।
- मुगल शैलीमा निर्मित यस धरहराको डिजाइन विष्णु पन्थीले गरेका ।
- धरहराको पुरानो नाम मिनार रहेको ।
- पुरानो धरहराको निर्माण भीमसेन थापाद्वारा भएको ।
- पुनः निर्मित धरहराको शिलान्यास वि.सं. २०७५ पुस १२ मा तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीद्वारा भएको । धरहरा निर्माणका लागि वि.सं. २०७२ फागुन ४ मा 'मै बनाउँछु मेरो धरहरा' अभियानको घोषणा (तत्कालीन प्रम केपी शर्मा ओलीद्वारा) गरिएको ।

**१०. नेपालका सरकारी सञ्चार माध्यमहरूको परिवर्तित नारा के हो ?**

✍ समद्धिका लागि सञ्चार

- यसअघिको नारा 'विकासका लागि सञ्चार' रहेको ।
- नेपालका सरकारी सञ्चार माध्यमका रूपमा नेपाल टेलिभिजन, रेडियो नेपाल, रासस र गोरखापत्र रहेका ।

**११. देशमा सबैभन्दा पहिले स्थापित लिक्विड अक्सिजन प्लान्ट कहाँ रहेको छ ?**



✍ सिमरहवा (रूपन्देही)

- यसको उद्घाटन वि.सं. २०७८ जेठ ३० मा भएको ।
- यस प्लान्टमा दैनिक ६० मेट्रिकटन अक्सिजन उत्पादन हुने ।

**१२. नेपालकै पहिलो महिला फिफा रेफ्री को हुन् ?**

✍ कल्पना शर्मा

**१३. विश्व क्षयरोग दिवस कहिले मनाइन्छ ?**

✍ मार्च २४

(सन् २०२१ को नारा : सङ्केत समयको क्षयरोग अन्त्यको (The clock is Tickling)

**१४. राष्ट्रिय महिला अधिकार दिवस कहिले मनाइन्छ ?**

✍ जेठ १६

- वि.सं. २०७८ जेठ १६ मा 'महिलाको सुरक्षा र अधिकारः सङ्कटकालीन व्यवस्थापन हाम्रो सरोकार' नाराका साथ तेस्रो राष्ट्रिय महिला अधिकार दिवस मनाइएको ।
- महिलाको हक अधिकार सम्बन्धमा प्रतिनिधि सभामा पेस भएको प्रस्ताव वि.सं. २०६३ जेठ १६ मा तत्कालीन प्रतिनिधि सभाबाट पारित भएको दिनलाई विशेष रूपमा स्मरण गर्दै प्रत्येक वर्ष जेठ १६ का दिन यो दिवस मनाउन सुरु गरिएको ।
- लैङ्गिक समानता, महिला अधिकार, सशक्तीकरण र हिंसा न्यूनीकरण, आमा वा बाबुमध्ये कसैको नामबाट पनि सन्तानले नागरिकता पाउनुपर्ने विषय, समानुपातिक सहभागिताको लक्ष्यमा पुग्ने कुरामा ध्यान दिई कम्तीमा एकतिहाइ महिलालाई राज्यका सबै संरचनामा सहभागिताको ग्यारेन्टी, विभेदकारी कानुनको खारेजी एवं महिलाप्रति हुने हिंसाको अन्त्यसम्बन्धी विषय सो प्रस्तावमा समेटिएको ।

**१५. आ.व. २०७८/७९ को बजेटमार्फत ज्येष्ठ नागरिक भत्ता कति पुऱ्याइएको छ ?**

✍ रु. चार हजार

- आ.व. २०७६/७७ को बजेटले सो भत्ता दुई हजार रुपियाँबाट तीन हजार रुपियाँ पुऱ्याएको थियो ।
- हाल ७० वर्ष उमेर पुगेका ज्येष्ठ नागरिकलाई मासिक भत्ता दिने गरिन्छ ।
- आ.व. २०५१/५२ देखि ज्येष्ठ नागरिक भत्ता प्रदान गर्न थालिएको । सुरुआतमा ७५ वर्ष पूरा भएका वृद्धवृद्धालाई मासिक एक सय रुपियाँ सामाजिक सुरक्षा भत्ता प्रदान गर्ने गरिएको ।



**१६. साहित्यकार डा. वानीरा गिरिको निधन कहिले भएको हो ?**

✍ वि.सं. २०७८ जेठ ९

- (डा. गिरिका कारागार (उपन्यास), शब्दातीत सान्तनु (उपन्यास), एउटा अर्को जङ्गबहादुर (कविता सङ्ग्रह) लगायतका चर्चित कृति प्रकाशित छन् ।)

**१७. सर्वोच्च अदालतले पातलो प्लास्टिक (४० माक्रोनभन्दा कम) को झोलाको प्रयोग पूर्ण रूपले प्रतिबन्ध लगाउने घोषणा प्रभावकारी रूपमा कार्यान्वयन गर्न सरकारलाई ६ बुँदे आदेश कहिले जारी गरेको हो ?**

✍ वि.सं. २०७८ साउन २८

**१८. साउदी अरबले कतारमाथि लगाएको नाकाबन्दी कहिलेदेखि हटाएको हो ?**

✍ सन् २०२१ जनवरी ५

- (साउदी अरबद्वारा ३ वर्षअघि कतारमाथि प्रतिबन्ध लगाइएको थियो ।)

**१९. २००७ सालअघि नेपालको कति राष्ट्रसँग कूटनीतिक सम्बन्ध कायम भएको थियो ?**

✍ चार (बेलायत, अमेरिका, भारत र फ्रान्स)

**२०. विश्वकै अग्लो होटल कहाँ खुलेको छ ?**

✍ चीन (जे होटल)

- चीनको साङ्घाइमा निर्मित सो होटल सन् २०२१ जुन १९ देखि सञ्चालनमा आएको ।
- होटलको उचाइ ६३२ मिटर रहेको ।

**२१. विश्वमा सबैभन्दा धेरै शरणार्थी हुन बाध्य भएको देश कुन हो ?**

✍ सिरिया

**२२. विश्व कछुवा दिवस कहिले मनाइन्छ ?**

✍ मे २३

**२३. नेपालको इतिहासमा पहिलो दलित सचिव बन्न सफल व्यक्ति को हुनुहुन्छ ?**

✍ डा. मानबहादुर वि.क.

**२४. दश हजार किशोरी र महिलालाई डिजिटल साक्षरता एवं वित्तीय साक्षरता प्रदान गर्ने उद्देश्य अनुरूप 'स्मार्ट छोरी' नामक अभियान कहिले सुरु गरिएको हो ?**

✍ वि.सं. २०७५ फागुन ११

**२५. कृषि विकास बैङ्कद्वारा किसान क्रेडिट कार्ड र किसान एपको शुभारम्भ कहिले गरिएको हो ?**

✍ वि.सं २०७७ माघ ७

**२६. जनकपुर–जयनगर रेल–वेमा रेल सेवा पुनः सञ्चालन कहिलेदेखि भएको हो ?**

✍ वि.सं. २०७७ असोज ३ (२ वटा रेलबाट सेवा सञ्चालन भएको ।)

**२७. चिया श्रमिकको सम्मानमा प्रतिमाको निर्माण कहाँ गरिएको छ ?**

✍ इलाम (अनावरणः वि.सं. २०७७ मङ्सिर २५)

**२८. संयुक्तराष्ट्र सङ्घले कुन वर्षलाई उपचारात्मक वर्ष बनाउन आह्वान गरेको छ ?**

✍ सन् २०२१

**२९. दार्चुला जिल्लाको कालापानी सीमाक्षेत्र (व्यास गाउँपालिका–१, छाङरु) मा सशस्त्र प्रहरी बल, नेपालको सीमा सुरक्षा चौकी (बिओपी) को स्थापना कहिले गरिएको हो ?**

✍ वि.सं. २०७७ वैशाख ३१

**३०. लिच्छविकालमा राजस्व सङ्कलन, जग्गा खरिद–बिक्री तथा भूमिसम्बन्धी मुद्दा हेर्ने अड्डालाई के भनिन्थ्यो ?**

✍ कुथेर अधिकरण

**प्रस्तुतकर्ता : टङ्क के.सी.**

## विषयगत प्रश्नोत्तर

# कुल गार्हस्थ्य उत्पादनमा राजस्वको अनुपात

**१. नेपालको कुल गार्हस्थ्य उत्पादनमा राजस्वको अनुपात वृद्धि गर्न के गर्नुपर्ला ? वर्णन गर्नुहोस् ।**

✍ देशभित्र एक वर्षमा उत्पादन भएका वस्तु तथा सेवाको मूल्य कुल गार्हस्थ्य उत्पादन हो । नेपालमा कुल गार्हस्थ्य उत्पादनको अनुपातमा राजस्व परिचालन आ.व. २०६३/६४ मा १२.१ प्रतिशत रहेकोमा हाल २४ प्रतिशत रहेको छ । हाल नेपालको कुल गार्हस्थ्य उत्पादन ४२ खर्ब ७६ अर्ब छ । चालू आर्थिक वर्ष २०७८/७९ मा सरकारले १० खर्ब २४ अर्ब राजस्व असुली गर्ने लक्ष्य लिएको छ । जुन हालको कुल गार्हस्थ्य उत्पादनको २४ प्रतिशत हो । चालू पन्धौँ योजनाले आर्थिक वर्ष २०८०/८१ सम्ममा मुलुकमा कुल गार्हस्थ्य उत्पादनको ३२.२ प्रतिशत राजस्वको अनुपात पुग्ने अपेक्षा गरेको छ । विकसित मुलुकमा यसको अनुपात ४५ प्रतिशतसम्म पुगेको अवस्था छ । फ्रान्स, डेनमार्कमा ४५ प्रतिशत, नर्वे, इटाली, क्यूवा, नेदरल्याण्डमा ४० प्रतिशतको राजस्व असुलीको उच्च अनुपात छ । नेपालमा पनि कुल गार्हस्थ्य उत्पादनमा राजस्वको अनुपात उच्च गर्नुपर्छ । यसका लागि देहायबमोजिमका उपायहरू अवलम्बन गर्नुपर्ने देखिन्छ :

- नेपाल र भारतको खुला सिमानाका कारण वर्षौंदेखि ठूलो मात्रामा राजस्व चुहावट हुँदै आइरहेको छ । यसलाई रोक्नुपर्छ । सीमामा तारबार लगाउने, सीमानामा गस्ती परचालन बढाउने गर्नुपर्छ ।
- सबै अनौपचारिक अर्थतन्त्रलाई करको दायरामा ल्याई कर लगाउने,
- करको दर घटाउने र दायरा बढाउने,
- आय आर्जनका सबै क्षेत्रमा कर लगाउने,
- नीतिगत, संस्थागत, प्रक्रियागतलगायतका पक्षमा सुधार गरी मुलुकमा लगानीमैत्री वातावरण तयार गर्ने, साना ठूला उद्योगहरूको विकास गर्ने, आयात र उपभोगमा आधारित राजस्वलाई उत्पादनमुखी बनाउने,
- प्रत्येक नागरिकको बैङ्क खाता र स्थायी लेखा नम्बर अनिवार्य गर्ने,
- मूल्य अभिवृद्धि कर तथा भन्सारमा दिइएका छुट सुविधाहरू पुनरावलोकन गर्ने,
- वास्तविक कारोबार मूल्यका आधारमा भन्सार मूल्याङ्कन हुने प्रणाली लागू गर्ने,
- भन्सार प्रशासन र कर प्रशासनबीच कार्यात्मक सम्बन्ध सुदृढ गर्ने, कर प्रशासनले गर्ने कर परीक्षण, बजार अनुगमन तथा भन्सार प्रशासनले गर्ने जाँचपास पछिको परीक्षणजस्ता कार्यमा सूचना आदान–प्रदान गर्ने,
- राजस्व प्रशासनलाई पूर्ण रूपमा आधुनिक एवं स्वचालित बनाउने, पेपरलेस कार्यालय बनाउने, कार्यालयहरूबीच अन्तर आबद्धताको विकास गर्ने,
- प्रदेश र स्थानीय तहको राजस्व परिचालन बढाउने, संस्थागत क्षमता विकासका कार्यक्रम लागू गर्ने, पूर्वाधार क्षेत्रमा रकम लगानी गरी राजस्वको दायरा बढाउने, सङ्घले प्रदेश र स्थानीय तहमा ज्ञान, सूचना, अनुभव, सीपको साझेदारी गर्दै प्रदेश र स्थानीय तहको राजस्व क्षमता वृद्धि गर्ने, तीन तहको सरकारबीचमा बजेट, योजना, आयोजना, राजस्व परिचालन, गरिबी निवारण, पूर्वाधार विकासजस्ता क्षेत्रमा आपसी समन्वय, सहकार्य, साझेदारीलाई सुदृढ गर्दै एकआपसमा अन्तरनिर्भरताको विकास गर्ने,
- राजस्वसम्बन्धी ऐन नियमको पूर्ण परिपालना गर्ने गराउने,
- करदाताले तिरेको करको सही सदुपयोगको प्रत्याभूति दिन उत्पादनशील क्षेत्रमा करको प्रयोग गरी तत्कालमा रोजगारी सिर्जना गर्ने र भविष्यका लागि राजस्वको दिगो स्रोतको विकास गर्ने,
- राजस्व प्रशासन र त्यसमा काम गर्ने कर्मचारी जिम्मेवार, जवाफदेही, आधुनिक एवं उच्च मनोबलयुक्त बनाउने, यसका लागि कामप्रति जिम्मेवार र जवाफदेही हुने प्रणाली तथा कामका आधारमा पुरस्कार र दण्ड हुने प्रणाली लागू गर्ने,
- प्रवर्द्धनात्मक र दण्डात्मक नीति लिई बजारमा बिल लिनेदिने पद्धतिलाई सशक्त बनाउने,
- सशक्त अनुगमन र मूल्याङ्कन प्रणालीको विकास गरी नतिजामूलक र सुधारमूलक अनुगमन गर्ने ।

**२. नेपालको सार्वजनिक वित्त व्यवस्थापनमा देखिएका समस्याहरू के के हुन् ? उल्लेख गर्नुहोस् ।**

✍ सार्वजनिक आय र व्ययको व्यवस्थित परिचालन गर्दै उच्च र दिगो आर्थिक वृद्धि हासिल गर्ने कार्य सार्वजनिक वित्त व्यवस्थापन हो । यो सरकारको आय र व्ययको व्यवस्थापन गर्ने कार्य हो । यो वार्षिक बजेट व्यवस्थापन गर्ने कार्य पनि हो । यसअन्तर्गत राजस्व परिचालन बढाउने, खर्चलाई उत्पादनशील क्षेत्रमा परिचालन गर्ने, रोजगारी सिर्जना गर्ने, राजस्वको दिगो स्रोतको व्यवस्था गर्ने, आत्मनिर्भर अर्थतन्त्र निर्माण गर्ने कार्यहरू पर्छन् । आर्थिक वृद्धि, आर्थिक स्थायित्व र सामाजिक न्याय कायम गर्नु यसको उद्देश्य हो । नेपालमा सार्वजनिक वित्त व्यवस्थापन सम्बन्धमा संवैधानिक, कानुनी, संस्थागत व्यवस्था छ । मुलुकमा तीन तहको सरकार सञ्चालनमा छ र तीनै तहको सरकारबाट सार्वजनिक वित्त व्यवस्थापनका कार्यहरू भएका छन् र पनि यसमा विभिन्न समस्या देखिएका छन्, जसलाई निम्नअनुसार उल्लेख गर्न सकिन्छ :

- स्रोत प्राप्तिको अभाव हुनु,
- राजस्व परिचालन लक्ष्यअनुरूप सङ्कलन हुन नसक्नु,
- विदेशी अनुदानको मात्रा घट्दै जानु, ऋणको मात्रा बढ्दै जानु,
- विकास साझेदारबाट प्रतिबद्धता गरे अनुरूप सहायता प्राप्त हुन नसक्नु,
- स्वदेशी निजी लगानी बढ्न नसक्नु,
- सार्वजनिक निजी साझेदारी कार्य सुदृढ हुन नसक्नु,
- विदेशी लगानी आकर्षण गर्ने कार्य प्रभावकारी हुन नसक्नु,
- चालू खर्च बढ्दै जानु, पुँजीगत खर्च घट्दै जानु,
- विनियोजित पुँजीगत खर्च रकम खर्च गर्न नसक्नु,
- पुँजीगत खर्चलाई उत्पादनशील क्षेत्रमा परिचालन गर्न नसक्नु,
- कार्यान्वयन संयन्त्रको विश्लेषण गरी कार्यान्वयनयोग्य व्यावहारिक बजेट तर्जुमा गर्न नसक्नु,
- आयोजना बैङ्क प्रभावकारी हुन नसक्नु,
- पूर्वतयारीका सबै कार्य पूरा नगरी आयोजना कार्यान्वयनमा लैजानु, यसबाट आयोजना समयमै सम्पन्न हुन नसक्नु,
- राष्ट्रिय गौरवका आयोजना समयमै सम्पन्न हुन नसक्नु,
- सङ्घ, प्रदेश र स्थानीय तहको बजेट प्रणाली, आयोजना व्यवस्थापन, खर्च व्यवस्थापन लगायतका विषयमा पर्याप्त समन्वय, सहकारिता तथा अन्तरनिर्भरता कायम गर्न नसक्नु,
- मध्यमकालीन खर्च संरचना, आयोजना बैङ्कलाई प्रदेश र स्थानीय तहसम्म संस्थागत गर्न नसक्नु,
- पुँजीगत खर्चलाई रोजगारी सिर्जना गर्ने उत्पादनशील क्षेत्रमा खर्च गरी दिगो राजस्व प्राप्ति गर्ने स्रोतको रूपमा विकास गर्न नसक्नु,
- सार्वजनिक आय र व्ययको व्यवस्थापन गर्ने कार्यमा वित्तीय अनुशासनको अवस्था कमजोर हुनु,
- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, नियम, बजेट दिग्दर्शनको पूर्ण पालना नहुनु,
- अनुगमन र मूल्याङ्कन गर्ने निकायबीच कार्यगत समन्वयको अभाव हुनु ।
- उपर्युक्त समस्याले गर्दा नेपालको सार्वजनिक वित्त व्यवस्थापन उपलब्धिमूलक हुन सकेको छैन । यसका लागि प्रचलित कानुनको पूर्ण परिपालना गर्ने, तीन तहका सरकारबीच पर्याप्त समन्वय, सहकार्य गर्ने, कार्यान्वयन योग्य बजेट तर्जुमा गर्ने, कार्यान्वयन संयन्त्रको क्षमता विकास गर्ने, अनुगमन र मूल्याङ्कनलाई नतिजामुखी बनाउने गर्नुपर्छ ।

**३. नेपालको बीमा व्यवसायको विकासमा संलग्न निकायहरू कुन कुन हुन् ? उल्लेख गर्दै ती निकायको भूमिका कस्तो हुनुपर्छ ? चर्चा गर्नुहोस् ।**

✍ तोकिएको शुल्क तिरेर एकले अर्कोलाई जोखिम सार्ने कार्य प्रक्रिया बीमा व्यवसाय हो । यो एक वित्तीय सुरक्षा हो । नेपालको वित्तीय प्रणालीको एक अभिन्न अङ्गको रूपमा रहेको बीमा व्यवसायमा हाल एक पुनर्बीमा कम्पनी, उन्नाइस जीवन बीमा कम्पनी र बीस निर्जीवन बीमा कम्पनी सञ्चालनमा छन् । बीमा व्यवसायमा करिब एक लाख बीमा अभिकर्ता र करिब चार सय पचास जना बीमा सर्भेयर कार्यरत छन् । सरकारी र निजी क्षेत्र दुवैले बीमालाई अनिवार्य गरेको अवस्था छ । यी सबैको प्रयास स्वरूप हाल कुल जनसङ्ख्याको सत्ताइस प्रतिशत जनतामा बीमा सेवा पुगेको अवस्था छ । बीमा व्यवसायलाई व्यवस्थित गर्न कानुनी र संस्थागत व्यवस्था गरिएको छ र पनि यो क्षेत्र समस्या मुक्त हुन सकेको पाइँदैन । यसमा खासगरी बीमा व्यवसायको दायरा अझै साँघुरो हुनु, बीमासम्बन्धी जनचेतनाको स्तर न्यून हुनु, सङ्घीय संरचनाअनुसार बीमाको संस्थागत संरचना विस्तार हुन नसक्नु, बीमा दाबी भुक्तानी प्रक्रिया जटिल र ढिलो हुनु, बीमा कम्पनीहरूको सङ्ख्यात्मक वृद्धिसँगै गुणात्मक सेवा वृद्धि हुन नसक्नु, बीमा कम्पनी र तिनका शाखाहरू सहर केन्द्रित हुनु, बीमा कम्पनीहरूको सम्पत्ति र दायित्वको समय–समयमा मूल्याङ्कन गर्दै बीमितलाई विश्वास गराउने कार्य प्रभावकारी हुन नसक्नुलगायतका समस्या विद्यमान छन् । नेपालको बीमा व्यवसायको विकासमा अर्थ मन्त्रालय, बीमा समिति, बीमा कम्पनी, बीमा सर्भेयर, बीमा अभिकर्ता, बीमा हुने बीमित व्यक्ति तथा सर्वसाधारण नागरिकलगायतका निकाय र व्यक्तिहरू संलग्न छन् । बीमा व्यवसायको विकासमा यी निकायहरूको भूमिका निम्नअनुसारको हुनुपर्छ ।

◆ **अर्थ मन्त्रालयको भूमिका**

- अर्थ मन्त्रालय नेपालको समग्र अर्थतन्त्रको नीति निर्माणको नेतृत्वकर्ता हो । यसको बीमा व्यवसायको विकासमा बहुआयामिक भूमिका हुन्छ, जसलाई निम्नअनुसार उल्लेख गर्न सकिन्छ :
- वि.सं. २०४९ सालको बीमा ऐन र नियमावलीले बीमाका सबै पक्ष समेट्न नसकेकाले यसलाई समसामयिक सुधार गर्ने, परिमार्जन गर्ने,
- मुलुकमा लगानीको वातावरण तयार गरी बीमा व्यवसायलाई सुरक्षित प्रतिस्पर्धात्मक एवं विश्वसनीय लगानी क्षेत्रको रूपमा विकास गर्ने,
- बीमा समितिको पुनर्गठन गरी विज्ञ व्यक्तिहरूको समूह निर्माण गर्ने, बीमा समितिले सङ्घीय संरचनाबमोजिम प्रदेश र स्थानीय तहसम्म संस्थागत उपस्थिति बढाउने,
- बीमा समिति र बीमा कम्पनीहरूको कार्यकारी प्रमुख छनोटका मापदण्ड तय गरी स्वच्छ प्रतिस्पर्धाको वातावरण तयार गर्ने,

◆ **बीमा समितिको भूमिका**

- बीमा समिति बीमा व्यवसायको नियमन र सुपरिवेक्षण गर्ने निकाय हो । त्यसैले बीमा व्यवसायको विकासमा यसको ठूलो भूमिका हुन्छ, जसलाई निम्नअनुसार उल्लेख गर्न सकिन्छ :
- बीमा कम्पनीहरूको नियमन र सुपरिवेक्षणका लागि सरल एवं पारदर्शी मापदण्ड तयार गर्ने,
- कार्यस्थल र गैरकार्य स्थल अनुगमन गर्ने,
- जोखिमका आधारमा निरीक्षण गर्ने,
- बीमा व्यवसायको दायरा बढाउन स्वास्थ्य बीमा, कृषि बीमालगायतका क्षेत्र विस्तार गर्ने,
- बीमा कम्पनीहरूको सङ्घीय संरचनाअनुरूप प्रदेश र स्थानीय तहसम्म सङ्ख्यात्मक र गुणात्मक उपस्थिति बढाउने,
- विद्यालय तथा क्याम्पस तहका पाठ्यक्रममा बीमा व्यवसाय समावेश गरी बीमा साक्षरता बढाउने,
- बीमा कम्पनी, बीमा सर्भेयर, बीमा अभिकर्ताहरूको सङ्ख्या वृद्धि सम्बन्धमा पारदर्शी कार्यविधि तयार गरी लागू गर्ने,
- बीमा कम्पनी, बीमा सर्भेयर, बीमा अभिकर्ताहरूको कामकारबाही सूक्ष्म निगरानी गर्दै गुणात्मक सेवा अभिवृद्धि गर्ने, गराउने, यिनीहरूको आचारसंहिता बनाई लागू गर्ने,
- बीमा व्यवसायसम्बन्धी नवीन अवधारणा एवं खोज गर्दै सोसम्बन्धी नीति निर्माण गर्न सरकारलाई राय, सुझाव, सल्लाह, परामर्श प्रदान गर्ने,
- आफूले गरेको काम र समग्र बीमा व्यवसायको अवस्थाका बारेमा वार्षिक प्रतिवेदन तयार गरी अर्थ मन्त्रालयमा पेस गर्ने,

◆ **बीमा कम्पनीहरूको भूमिका**

- बीमा कम्पनीहरूले स्वच्छ प्रतिस्पर्धा कायम गर्दै आफ्ना सम्पूर्ण कामकारबाहीमा पारदर्शिता र जवाफदेहिता प्रवर्द्धन गरेर बीमितलाई विश्वस्त पार्ने,
- बीमा व्यवसायलाई आर्थिक सुरक्षा, बचत र लगानीको विश्वसनीय क्षेत्रको रूपमा विकास गर्ने गरी कार्य गर्ने,
- बीमा दाबी भुक्तानी प्रक्रियालाई सरल र शीघ्र बनाउने,
- बीमा सर्भेयर, बीमा अभिकर्ताहरूको सङ्ख्यात्मक वृद्धि गर्दै यिनको कामकारबाही सूक्ष्म निगरानी बढाउने,
- बीमा अभिकर्तालाई समय–समयमा तालिम प्रदान गरी ग्रामीण तहसम्म पुऱ्याउन प्रोत्साहनको व्यवस्था गर्ने,
- आफ्नो सम्पत्ति र दायित्वको समय–समयमा मूल्याङ्कन गर्दै बीमितहरूलाई जानकारी गराउने,
- बीमा समितिको निर्देशन पालना गर्दै आफूले गरेका हरेक कार्यको विवरण र प्रगति बीमा समितिमा पेस गर्ने,

◆ **बीमा सर्भेयरको भूमिका**

- क्षतिग्रस्त सम्पत्तिको वास्तविक मूल्याङ्कन गर्ने,
- नोक्सानीको सही आकलन गर्ने, मूल्याङ्कन गर्ने,
- बीमा समिति तथा बीमा कम्पनीको निर्देशन, नीति पालना गर्ने,
- आफ्नो अनुमति–पत्र समयमै नवीकरण गर्ने,
- बीमा साक्षरता वृद्धिमा सहयोग गर्ने,

◆ **बीमा अभिकर्ताको भूमिका**

- एउटा मात्र बीमा कम्पनीको अभिकर्ता भएर काम गर्ने,
- बीमासम्बन्धी जनचेतना बढाउने,
- ग्रामीण तहमा पुगी बीमितहरूको सङ्ख्या बढाउने,
- बीमा व्यवसायमा समावेशिता कायम गर्ने,
- आफ्नो अनुमति–पत्र समयभित्रै नवीकरण गर्ने,

◆ **बीमितको भूमिका**

- आफ्नो बीमा शुल्क समयभित्रै भुक्तानी गर्ने,
- आफूले बीमा गरेको बीमा कम्पनीको वित्तीय गतिविधि, विवरण, वासलातलगायतका विषयको जानकारी राख्ने,
- अरू व्यक्तिलाई पनि बीमा गर्न प्रोत्साहित गर्ने,
- सर्वसाधारण नागरिकको भूमिका
- आफ्नो र परिवारका सदस्यको बीमा गर्ने,
- पेसाअनुसार व्यापार व्यवसायको पनि बीमा गर्ने,
- बीमाले व्यक्ति तथा संस्थाको आर्थिक, सामाजिक क्रियाकलापको मात्रै नभई जीवनकै संरक्षण गर्न मद्दत गर्ने भएकाले यसको व्यापक विस्तार र विकास आवश्यक छ । माथिका निकायहरूले आ–आफ्नो भूमिका निर्वाह गर्दै बीमालाई आर्थिक लगानीको भरपर्दो क्षेत्रको रूपमा विकास गर्नुपर्ने देखिन्छ ।

**४. सङ्घीय संसद्का कार्यहरू के के हुन् ? लेख्नुहोस् ।**

✍ नेपालको संविधानले सङ्घीय संसद्का रूपमा दुई सदनात्मक व्यवस्थापिकाको व्यवस्था गरेको छ । नेपालको सङ्घीय संसद्को तल्लो सदनलाई प्रतिनिधि सभा र माथिल्लो सदनलाई राष्ट्रिय सभा नाम दिइएको छ । संसद्का कार्यहरू निम्नानुसार छन् :

- सङ्घको अधिकार क्षेत्रका विषयमा कानुन निर्माण गर्ने,
- सरकार गठन गर्ने,
- सरकारको नीति तथा कार्यक्रममाथि छलफल गर्ने, पारित गर्ने,
- बजेटमाथि छलफल गर्ने, पारित गर्ने, बजेट नियन्त्रण गर्ने,
- संविधान संशोधन गर्ने,
- जनमत सङ्ग्रहसम्बन्धी निर्णय गर्ने,
- सरकारका नियमित काम कारबाहीको निगरानी राख्ने,
- सरकारलाई आवश्यक सुझाव दिने, निर्देशन दिने,
- अन्तर्राष्ट्रिय सन्धि सम्झौता अनुमोदन गर्ने,

**प्रस्तुतकर्ता : हेमचन्द्र शर्मा**